हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७७ साल कार्तिक महिनाको १२ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | प्रमीला |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | मैमुन |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | लक्ष्मी |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | वेद |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | सुनैना |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | खहेरु |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |



उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०७।१२

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. लकडाउनमा खटेका स्वास्थ्य कर्मचारीलाई जोखिम भत्ता सम्वन्धमा ।

२. ल्याव अनुदान सम्वन्धमा ।

३. पि.सि.आर. चेक गर्दा लागेको खर्च सम्वन्धमा ।

४. पि.पि.ई. को भुक्तानी सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको लकडाउनमा खटेका स्वास्थ्य कर्मचारीलाई जोखिम भत्ता सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाबाट १५ दिने गरिएको लक डाउन (निशेधज्ञा) अबधिमा आपत कालिन सेवा संचालन गरिएका हरिपुर प्राथमिक स्वास्थ्य केन्द्र र लक्ष्मीपुर स्वास्थ्य चौकीमा खटिएका स्वास्थ्यकर्मीहरुलाइ सेवा सुबिधा वापत रु २५००००।०० (दुइ लाख पचास हजार) प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको ल्याव अनुदान सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ६ मा संचालित लक्ष्मीपुर स्वास्थ्य चौंकीमा ल्याव संचालन गर्न वडा नं. ५ र ६ बाट छुट्टयाइएको रकम रु. ३,५०,०००।०० लक्ष्मीपुर स्वास्थ्य चौंकीलाई ल्याव अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको पि.सि.आर. चेक गर्दा लागेको खर्च सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका काविड १९ कोरोना भाइरस संकमणको रोकथाम तथा नियन्त्रण गर्न समुदाय स्तरमा नफैलियोस भनेर मिति २०७७।०४।०४ र मिति २०७७।०४।२९ गते गरिएको पि.सि.आर जाँच खटिएको ल्याव टेक्निसियन तथा सहयोगी स्वास्थ्यकर्मीहरुको भत्ता,अन्य खर्च, संकलन गरिएको स्वाव जाँचको लागि राष्ट्रिय प्रयोगशाला काठमाण्डौमा पुर्‍याउन एम्बुलेन्स खर्च (जनक राम लाई ओसारेको सहित) सहित रु १,००,०००।००(एकलाख मात्र) देहाय अनुसारको रकम राम नरेश ठाकुर लाइ भुक्तानी दिने निर्णय गरियो ।

| क्र. सं. | विषय | रकम | कैफियत |
|---|---|---|---|
| १ | ल्याव टेक्नीसीयनलाई दैनिक भ्रमण भत्तावापतको रकम | १६,०००।०० | |
| २ | स्थानीय टेक्नीसीयन तथा स्वास्थ्यकर्मीलाई | २८,३००।०० | |
| ३ | नमुना स्वाव संकलन पठाएको एम्वुलेन्स भाडा | ३३,०००।०० | |
| ४ | काठमाण्डौं नमुना ल्यावमा पुर्‍याउन जाने कर्मचारीको दैनिक भ्रमण भत्ता | १९,०००।०० | |
| ५ | अन्य खर्च | ३,७००।०० | |
| | जम्मा | १,००,०००।०० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७७।०७।१२

निर्णय नं. ४

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको पि.पि.ई. को भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका पि.पि.इ सेट ४ थान खरिद गरिएको रु १६०००।०० (सोरह हजार) रकम यस नगरपालिकाको कर्मचारी नागेन्द्र राम मार्फत खरिद गरेकोले उक्त रकम नागेन्द्र रामलाई भुक्तानी दिने निर्णय गरियो ।

...य प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका सभा